आज मिति २०७४।१०।१८ गतेका दिन विहीबार लिखु गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री ध्रुव श्रेष्ठज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितीमा गाउँ कार्यपालिकाको नवौं बैठक बसी निम्नानुसारका प्रस्ताव उपर छलफल भई निर्णय गरियो ।

<u>उपस्थित पदाधिकारी तथा महानुभावहरु</u>

श्री ध्रुव श्रेष्ठ, अध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री रोजिना राई, उपाध्यक्ष लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री नरहरी पाण्डे, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री भिम बहादुर घले, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री भोला प्रसाद सेढाई, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री रामकृष्ण श्रेष्ठ, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री हरिशरण ~~[illegible]~~ लामिछाने, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री श्रृजना बागदास, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री दल बहादुर राई, वडाध्यक्ष, लिखु गाउँपालिका, नुवाकोट

श्री शान्ति राई, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री इन्दिरा लोहनी, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री लक्ष्मी राई, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री इन्द्र बहादुर घर्ती, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री विष्णु बहादुर घले, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री सन्जु राई, का.वा.वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री यज्ञ पुरी, प्रमुख प्रशासकीय अधिकृत, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

निर्णयहरु:

१. लिखु गाउँपालिकाबाट सञ्चालन हुने विकास आयोजनाहरुको अनुगमन तथा निरीक्षणका लागि प्रत्येक वडा कार्यालयहरुका लागि एक/एक थान र गाउँ कार्यपालिकाको कार्यालयको लागि दुई थान मोटर साईकल एवं एक थान जीप खरिद गर्ने र सोको लागि चालू आ.व. को स्वीकृत बजेटमा सम्बन्धित खर्च शीर्षकबाट रकम अपुग भएमा आयोजनाहरुको कन्टिजेन्सी रकमबाट खर्च गर्ने व्यवस्था मिलाउने ।

२. लिखु गाउँपालिका क्षेत्रमा खेलकुद विकासका लागि हालसम्म एक वटा पनि खेल मैदान नरहेकोले खेलकुद विकासका लागि लिखु गाउँपालिका वडा नं. ५ स्थित कल्छे चौरमा खेल मैदान निर्माण गर्नका लागि आवश्यक पर्ने रु. एक करोड सैंतिस लाख चालिस हजार रकम व्यवस्था गरी आयोजना सञ्चालनको लागि नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयमा माग गरी पठाउने ।

०७४/१०/१५